# सिमसार

अंक ७ डिसेम्बर २०१०


## सम्पादकीय

नेपालमा सिमसार संरक्षण तथा सदुपयोगका लागि सरकारी तवरबाट थुप्रै प्रयासहरु भइरहेका छन् । यस क्षेत्रको संरक्षण र व्यवस्थापन अन्य निकायसँगको समन्वय र सहकार्यमा निर्भर हुनेभएपनि वन तथा भू-संरक्षण मन्त्रालयको विशेष जिम्मेवारी भित्र रहेकोले यो क्षेत्र सरकारको प्राथमिकताभित्र परेको छ । फलस्वरुप अन्तर्राष्ट्रिय महत्व बोकका नेपालका नौ वटा सिमसार क्षेत्रहरु रामसार सूचीमा सूचिकृत भईसकेका छन् ।

सिमसार क्षेत्रको पहिचान, संरक्षण र दीर्घकालिन सदुपयोगलाई दृष्टिगत गरी नेपालमा पहिलो पटक २०५९ सालमा राष्ट्रिय सिमसार नीति ल्याइयो । तर यस नीतिले सिमसार क्षेत्रको स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय महत्वको हिसावले वर्गीकरण गरी प्राथमिकीकरण गर्न तथा प्रत्यक्ष वा परोक्ष प्रभाव पार्नसक्ने अन्य नीतिहरुले पुयाउन सक्ने अवरोधका सवालहरुलाई पर्याप्त सम्बोधन गर्न नसकेको देखिएको छ । साथै पछिल्लो चरणमा देखिएका जलवायु परिवर्तनको असर, अतिक्रमण, मिचाहा प्रजातीको प्रकोप लगायतका थुप्रै नयाँ चुनौती र समस्या एवम् अन्तर-सरकारी निकायले आ-आफ्ना नीतिहरु कार्यान्वयन गर्दा उब्जिएका नीतिगत जटिलतालाई समाधान गर्न पनि राष्ट्रिय सिमसार नीति २०५९ र मौजुदा अन्य सरकारी नीति बीच तादाम्यता मिलाउनु जरुरी भएको छ ।

त्यसैले सिमसार संरक्षण तथा सदुपयोग आयोजनाले राष्ट्रिय सिमसार नीति २०५९ मा समय-सापेक्ष परिमार्जन गर्न र सिमसारसँग सरोकार भएका अन्तर-सरकारी नीतिहरुसँग तादाम्यता मिलाउन परामर्शदाता नियुक्त गरी अध्ययन सम्पन्न गरिसकेको छ । मौजुदा अन्तर-सरकारी नीतिहरु सिमसार-मैत्री बनाउन र सिमसार नीति परिमार्जन गरी आवश्यक ऐन, नियमावली निर्माण गर्न समेत यस अध्ययनले सिफारिस गरेको छ ।

अध्ययनले पहिचान गरेका नीतिगत समस्याहरु सम्बन्धित निकायमा छलफल गरी विद्यमान नीतिमा सुधार गर्न बुँदागत रुपमा सिफारिस समेत गरेको छ । छलफलका क्रममा सरोकारवाला निकायहरुले सिमसार-मैत्री नीति निर्माण गर्नुपर्ने आवश्यकताको महसुस गरी विद्यमान नीतिमा परिमार्जन तथा संशोधनका लागि आ-आफ्नो तहबाट सकारात्मक भूमिका खेल्ने प्रतिवद्धता समेत जनाएका छन् । त्यसैले समन्वयात्मक तवरले नीति निर्माण गर्न सके साझा जिम्मेवारीको बोध भई नीति कार्यान्वयनमा सहजता हुने अपेक्षा गर्न सकिन्छ ।

## १. समाचार संक्षेप

### ❖ वार्षिक योजना तर्जुमा गोष्ठी

आयोजनाले आफ्नो वार्षिक कार्यक्रम अनुसार यही मंसिर २१ गतेदेखि २४ गतेसम्म तीन दिवसीय वार्षिक योजना तर्जुमा गोष्ठी काठमाडौंमा आयोजना गऱ्यो । सन् २०११ का लागि वार्षिक कार्यक्रम तय गर्न तीन चरण क्रमशः स्थानीय तह, जिल्लास्तर र केन्द्रमा योजना तर्जुमा गोष्ठी सम्पन्न गरियो । आयोजनाले स्थानीय तहबाट माग भएका र जिल्लाबाट सिफारिस गरी तयार गरिएका कार्यक्रमहरु गोष्ठीमा छलफल गरी वार्षिक कार्यक्रमको मस्यौदा तयार गऱ्यो । कार्यक्रममा सरोकारवाला निकाय तथा साझेदार संस्थाहरुः कोशी टप्पु वन्यजन्तु आरक्षका संरक्षण अधिकृत (वार्डेन), आरक्षस्थित मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष, घोडाघोडी ताल क्षेत्र रहेको कैलालीका जिल्ला वन अधिकृत र जिल्ला विकास समितिका प्रतिनिधिको




सहभागिता रहेको थियो । त्यसैगरी नीति निर्माण तहमा रहेका विभागीय (वन विभाग तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग) सिमसार प्रतिनिधि, वन तथा भू-संरक्षण मन्त्रालय, योजना तथा जनशक्ति महाशाखा, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र आयोजनाको व्यवस्थापन इकाइ र फिल्डमा कार्यरत पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय आयोजना निर्देशक श्री डा. अन्नपूर्णा नन्द दासले चालु आर्थिक वर्षमा कार्यक्रम सञ्चालन गर्दा आएका चुनौती तथा असहजताबाट पाठ सिक्दै आउँदो वर्षका लागि उत्कृष्ट एवम् व्यवहारिक कार्यक्रम निर्माण गर्न जोड दिनुभयो । त्यसैगरी राष्ट्रिय आयोजना प्रवन्धक श्री टोपबहादुर खत्रीले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्धेश्य बारे प्रकाश पार्नुभयो र गोष्ठीलाई बढी उपलब्धिमुलक बनाउनुपर्नेमा जोड दिनुभयो ।

गोष्ठीको अन्तमा कोशी टप्पु वन्यजन्तु आरक्ष मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष, कैलाली जिल्ला वन अधिकृत, वन विभाग र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका विभागीय सिमसार प्रतिनिधि तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका प्रतिनिधिहरुले आ-आफ्नो सुझाव राख्नुभयो ।

### ❖ कार्यकारी वोर्डको बैठक

राष्ट्रिय आयोजना निर्देशक श्री डा. अन्नपूर्णा नन्द दासको अध्यक्षतामा ११ औं कार्यकारी वोर्डको बैठक यही मंसिर २९ गते सम्पन्न भयो । यस बैठकमा राष्ट्रिय आयोजना प्रवन्धक श्री टोपबहादुर खत्रीले सन्

२०१० को वार्षिक कार्यप्रगति प्रस्तुत गर्दै सन् २०११ का लागि तयार गरिएको वार्षिक कार्यक्रम प्रस्ताव गर्नुभयो। वोर्डका सदस्यहरु: संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका नायव राष्ट्रिय निर्देशक श्री योर्न सोरेन्सन्, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री कृष्णप्रसाद आचार्य, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका सहायक राष्ट्रिय निर्देशक श्री विजयप्रसाद सिंह, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका जैविक विविधता विश्लेषक श्री दिव्या गुरुङ्ग लगायतका व्यक्तित्वहरुले आ-आफ्नो मन्तव्य राख्दै आयोजनाले सन् २०१० मा सम्पादन गरेको कार्य प्रगति प्रति सन्तोष व्यक्त गर्नुभयो। सोही बैठकले सन् २०११ को प्रस्तावित कार्यक्रम पारित गर्दै अन्तमा राष्ट्रिय आयोजना निर्देशक श्री डा. अन्नपूर्णा नन्द दासले वोर्डका सम्पूर्ण सदस्यहरुलाई धन्यवाद दिनुभयो।

## ❖ प्रारम्भिक वातावरणीय परिक्षण

घोडाघोडी ताल क्षेत्रको लागि तयार भएको व्यवस्थापन योजनाको स्वीकृतिका लागि आवश्यक प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी अध्ययन कार्य सम्पन्न भएको छ। यो अध्ययन प्रतिवेदनमा आवश्यक छलफल पश्चात व्यवस्थापन योजना स्वीकृतिका लागि वन विभाग मार्फत अगाडी बढाइने छ।

## ❖ आर्थिक मूल्याङ्कन विधि

सिमसार क्षेत्रको योगदानलाई आर्थिक विधि अनुरुप मूल्याङ्कन गर्ने ढाँचा तयार गर्न नियुक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरु सम्मिलित परामर्शटोलीले प्रारम्भिक रुपमा तयार पारेको आर्थिक मूल्याङ्कन विधि बारे यही असोज १४ गते काठमाडौंमा सरोकारवालाहरुसँगको छलफल सम्पन्न भयो। वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री युवराज भूसालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा मन्त्रालयका उच्च अधिकारी, राष्ट्रिय सिमसार



समिति अन्तर्गत गठन भएको प्राविधिक सल्लाहकार समितिका सदस्यहरु, संरक्षण साझेदार संस्थाहरुको प्रतिनिधि, विज्ञ र सञ्चारकर्मीहरुको उल्लेख्य सहभागिता रह्यो।

त्यसैगरी यही पुष १ गते मन्त्रालयका सचिव श्री भूसालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अध्ययन टोलीले पहिलो चरणमा आएको सुझाव एवम् स्थलगत अध्ययन र परिक्षणबाट आएका निष्कर्ष तथा तथ्यलाई समेटेर तयार पारेको अध्ययन प्रतिवेदनमाथि छलफल भयो। फेवा ताल र घोडाघोडी तालमा परिक्षण गरिएको यो विधि सिमसार क्षेत्रको योगदानलाई मौद्रिक मूल्यमा उतार्न तथा अभिलेख गर्न निकै उपयोगी हुने विश्वास गरिएको छ। त्यसैगरी यही पुष ३ गते यो विधिलाई थप व्यवहारिक बनाउन र प्रयोग गर्न सहज बनाउने उद्देश्यले बिभिन्न सरोकारवाला मन्त्रालय तथा मातहतका विभागीय प्रतिनिधि गरी ११ जनालाई एक दिने अभिमुखीकरण तालिमको आयोजना गरियो। सहभागीबाट प्राप्त भएका सुझावहरुले यो विधिलाई समय-सापेक्ष र उपयोगी बनाउन मद्दत गर्ने विश्वास गरिएको छ।

## ❖ सिमसारजन्य प्राविधिक ज्ञान

आयोजनाले सिमसारजन्य प्राविधिक ज्ञान सम्बन्धी विभिन्न अध्ययन पूरा गरेको छ। ती अध्ययनहरुमा सिमसार संरक्षणमा भए, गरेका परामपरागत तथा मौलिक ज्ञानको अभिलेख गर्ने विधि, मिचाहा प्रजातिको व्यवस्थापन निर्देशिका, सिमसारको पहिचान, मूल्याङ्कन तथा अनुगमन विधि, संरक्षण, शिक्षा, सचेतना र सहभागिता रणनीति, र यससँग सम्बन्धित पोष्टर, तालिम तथा स्रोत पुस्तिका लगायत सिमसारका विषयमा प्राय: सोधिने प्रश्नहरु संग्रहित पुस्तक रहेका छन्। आयोजनाले यी सबै अध्ययनलाई आगामी सिमसार दिवसका अवसरमा सार्वजनिक गर्ने भएको छ।

## ❖ पर्या-पर्यटकीय सम्पदाको प्रचार-प्रसार

आयोजनाले कोशी टप्पु र घोडाघोडी ताल क्षेत्रमा विद्यमान पर्या-पर्यटनका विभिन्न सम्भावना र सम्पदाको उजागर एवम् विविधीकरण गर्ने उद्देश्यले एक अध्ययन गराएको थियो। उक्त अध्ययनले थप आकर्षक पर्या-पर्यटकीय सम्पदाहरु पहिचान गरेको छ। नेपाल पर्यटन बर्ष २०११ को पूर्व सन्ध्यामा यी सम्पदाहरुलाई पर्यटन व्यवसायी र सञ्चारकर्मीमाझ परिचित गराउने अभिप्रायले आयोजनाले नेपाल पर्यटन वोर्डको सहकार्यमा यही कात्तिक २४ गते पत्रकार सम्मलेनको आयोजना गऱ्यो। सो कार्यक्रममा राष्ट्रिय आयोजना प्रवन्धक श्री टोपबहादुर खत्रीले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्धेश्यमाथि प्रकाश पार्नुभयो। पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह-सचिव श्री लक्ष्मण भट्टराईको सभापतित्वमा आयोजित कार्यक्रममा पर्यटनविद् श्री रबिजङ्ग पाण्डेले पहिचान गरिएका नयाँ सम्पदाका बारेमा प्रस्तुती गर्नुभएको थियो भने नेपाल पर्यटन बोर्डका बरिष्ठ निर्देशक श्री सुभाष निरौलाले पर्यटन बर्षको संघारमा नयाँ सम्पदाको पहिचानले पर्यटन बर्षको सफलताको संकेत गरेको बताउनुभयो। उक्त अवसरमा सहभागी पर्यटन व्यवसायी र सञ्चारकर्मीहरुले कोशी टप्पु र घोडाघोडी क्षेत्रका नयाँ पर्यटकीय सम्पदाका बारेमा विभिन्न जिज्ञासाहरु राखेका थिए। यस कार्यक्रमले राष्ट्रिय पर्यटन गन्तव्य सूचीमा उल्लेखित क्षेत्रहरु सुचिकृत हुन सफल भएका छन् जसले पर्यटन व्यवसायी, पर्यटन विकासमा संलग्न सरोकारवाला लगायत अन्य निकायका लागि थप हौसला मिलेको विश्वास गरिएको छ।

## ❖ नीतिको पुनरावलोकन

सिमसार संरक्षण र सदुपयोगमा प्रत्यक्ष-परोक्ष प्रभाव पार्ने विद्यमान अन्तर-सरकारी बिभिन्न नीतिहरुको पुनरावलोकन गरी राष्ट्रिय सिमसार नीति २०५९ को परिमार्जन गर्ने उद्देश्यले आयोजनाले परामर्शदाता नियुक्त



गरी एक अध्ययन गराएको छ । कृषि, उर्जा, सिंचाई, वातावरण, उद्योग, वन, पर्यटन तथा स्थानीय विकास लगायतका सरकारी नीतिहरु एक-आपसमा अस्पष्ट र बाझिएकाले कार्यान्वयन पक्षमा कमजोरी देखिएको तथ्यहरु औंल्याउँदै विद्यमान नीतिमा देखिएका सवल र कमजोर पक्षहरुको पहिचान गरी सम्बन्धित मन्त्रालयसँग छलफल गरेको छ । यस कार्यक्रमले सिमसार संरक्षण र सदुपयोगका लागि विद्यमान नीतिहरुले समेट्नुपर्ने पक्षहरु पहिचान गरी सम्बन्धित निकायलाई आफ्ना नीतिहरु सिमसार-मैत्री बनाउन बुँदागत सिफारिस गरेको छ ।

### ❖ साझेदारी कार्यक्रम

वि.सं. २०६५ भदौमा आएको बाढीले क्षतिग्रस्त आयोजनाको कार्यक्षेत्र कोशी टप्पु वन्यजन्तु आरक्षस्थित श्रीपूर, हरिपूर र पश्चिम कुशाहा क्षेत्रका प्रभावित समूहलाई सहयोग गर्न यस आयोजना र राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा सञ्चालित कोशी पुनर्स्थापना आयोजना बीच एक सम्झौता भयो । सम्झौता अनुसार प्रभावित समूहका परिवारलाई शीप मूलक तालिम प्रदान गर्दै आय-आर्जन सम्बन्धी विभिन्न कार्यक्रमहरु प्रारम्भ गरिएको छ ।

### ❖ पत्रकार अध्ययन भ्रमण

यस अवधिमा आयोजनाले आम सञ्चारमा कार्यरत सञ्चारकर्मीहरुलाई सिमसार क्षेत्रको महत्व र यसले प्रदान गर्ने वातावरणीय सेवाको भुक्तानी सम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्धेश्यले बिभिन्न सञ्चारगृहका प्रतिनिधिहरुलाई एक दिने स्थलगत अध्ययन भ्रमण गराएको छ । शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जको धाप क्षेत्रमा गराइएको भ्रमणमा सात जना सञ्चारकर्मीहरु सहभागी भएका थिए ।



## २. फिल्ड गतिविधि

### ❖ तालिम प्रदान

आयोजनाको कोशी टप्पु वन्यजन्तु आरक्षस्थित फिल्ड कार्यालय र नेपाल पर्यटन वोर्डको संयुक्त आयोजनामा भदौ २८ गतेदेखि असोज ४ गतेसम्म सञ्चालित होटल व्यवस्थापन तथा पर्या-पर्यटन सम्वन्धी तालिममा १५ जना स्थानीय युवाहरु सहभागी भए । उक्त तालिम विराटनगरस्थित साउथ एसिएन स्कुल अफ टुरिजम् एण्ड होटल मेनेज्मेन्टका प्रशिक्षकहरुले सहजिकरण गरेका थिए । यस प्रकारका रोजगारमूलक तालिमले स्थानीय युवाहरुको क्षमता अभिवृद्धिमा सघाउ पुग्ने र कोशी टप्पु क्षेत्रको पर्यटन विकासमा थप टेवा पुग्ने विश्वास गरिएको छ ।

### ❖ अवलोकन भ्रमण

सिमसार क्षेत्रमा भए, गरेका सामुदायिक वन संरक्षण र जीविकोपार्जन सम्वन्धी जानकारी गराउने उद्धेश्यले आयोजनाले कोशी टप्पु वन्यजन्तु आरक्ष वरीपरीका सिमसारमा निर्भर महिला समूहलाई यही मंसिर १६ गतेदेखि २० गतेसम्म चितवन राष्ट्रिय निकुञ्ज तथा पर्सा वन्यजन्तु आरक्षको अध्ययन भ्रमण गरायो ।

### ❖ सांस्कृतिक महोत्सव

घोडाघोडी ताल क्षेत्र वरीपरी रहेका आदिवासी जनजातीको सांस्कृतिक सम्पदाको संरक्षण गर्ने उद्धेश्यले यस आयोजनाले ल्वाङ्गी पूजा र घोडाघोडी महोत्सव मनाउन सहयोग प्रदान गरेको छ । यही मंसिर २१ गते देखि २४ गतेसम्म चलेको यो महोत्सव हरेक वर्ष यहाँका आदिवासी थारु जातिले अगन पञ्चमीको दिनमा मनाउने गरेका छन् । महोत्सवको अवसरमा सिमसार संरक्षण सम्वन्धी जनचेतना जगाउने सामग्रीहरु प्रदर्शन तथा वितरण गरियो ।

### ❖ शिप विकास तालिम

घोडाघोडी ताल क्षेत्रमा पाइने मुज प्रजातिको घाँसबाट बिभिन्नहस्तकलाका सामानहरु निर्माण गरी सिमसारमा निर्भर समुदायको आयस्रोत बढाउने उद्धेश्यले आयोजनाले भदौ २७ गतेदेखि असोज ४ गतेसम्म नौ दिवसिय हस्तकला निर्माण सम्बन्धी तालिम प्रदान गऱ्यो । २२ जना थारु महिलाको सहभागिता रहेको यो तालिम काठमाडौंस्थित द अर्गानिक भिलेज र नेपाल नट क्र्याफ्ट सेन्टरसँगको साझेदारीमा सञ्चालन गरिएको थियो । तालिम पश्चात आवश्यक कच्चा पदार्थको अभाव हुन नदिन सहभागिहरुलाई मुजको जरा वितरण गरियो । आयोजनाले आगामी दिनहरुमा यहाँको हस्तकलाका सामग्रीहरुलाई बजारीकरण गर्दै आय-आर्जनका थप बैकल्पिक क्षेत्रहरुको पहिचान गरी जिवीकोपार्जनमा सहयोग पुऱ्याउने उद्धेश्य राखेको छ ।



## ३. स्थलगत भ्रमण

### ❖ चिलिका तालको अध्ययन भ्रमण

राष्ट्रिय आयोजना निर्देशक श्री डा. अन्नपूर्णा नन्द दासको नेतृत्वमा नौ सदस्यीय टोलीले भदौ २० गतेदेखि २४ गतेसम्म भारतको उडिसा राज्यस्थित चिलिका ताल क्षेत्रको स्थलगत अवलोकन भ्रमण गरेको छ। उक्त भ्रमणमा वन तथा भू-संरक्षण मन्त्रालयका तत्कालीन सह-सचिव श्री राजेन्द्र ढुंगेल, वन विभागका उप-सचिव श्री प्रकाश प्याकुरेल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप-सचिव श्री बर्णबहादुर थापा, राष्ट्रिय आयोजना प्रवन्धक श्री टोपबहादुर खत्री, जैविक विविधता विशेषज्ञ श्री हरिकृष्ण उप्रेती, कोशी टप्पु वन्यजन्तु आरक्षका तत्कालीन



संरक्षण अधिकृत श्री शिवनारायण साह, फिल्ड प्रवन्धकद्वय श्री अनन्त भण्डारी र श्री डा. विवेकानन्द झाको सहभागिता रहेको थियो। व्यवस्थित सिमसार क्षेत्रको रुपमा परिचित चिलिका तालमा विद्यमान उच्चस्तरीय संयन्त्रको प्रावधान नेपालमा गठन भएको राष्ट्रिय सिमसार समितिसँग मिल्दोजुल्दो देखिएको छ। यस भ्रमणले सिमसार क्षेत्रको संरक्षणका लागि व्यवस्थापकीय क्षमता सुदृढ हुने विश्वास गरिएको छ।

### ❖ अन्तर्राष्ट्रिय गोष्ठी

राष्ट्रिय आयोजना निर्देशक श्री डा. अन्नपूर्णा नन्द दास र राष्ट्रिय आयोजना प्रवन्धक श्री टोपबहादुर खत्रीले इरानमा आयोजित सिमसार संरक्षणमा स्थानीय समुदायको भूमिका विषयक चार दिने अन्तर्राष्ट्रिय गोष्ठीमा भाग लिनुभयो। इरानको सिमसार संरक्षण आयोजना, वातावरण विभाग, संयुक्त




राष्ट्रसंघीय विकास कार्यक्रम र विश्व वातावरण कोषको संयुक्त आयोजनामा भएको सो गोष्ठीमा एसियाली तथा मध्यपूर्वी देशहरुमा सञ्चालित कार्यक्रमहरुको अनुभव आदान प्रदान गरियो। उक्त अवसरमा राष्ट्रिय आयोजना प्रवन्धक श्री टोपबहादुर खत्रीले नेपालका सिमसार क्षेत्रहरु र सिमसार आयोजनाका गतिविधि, उपलब्धी र चुनौतीहरुका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

### ❖ योजना तर्जुमा तयारी गोष्ठी

सन् २०११ को बार्षिक योजना तर्जुमा गर्ने सिलसिलामा आयोजना व्यवस्थापन इकाइबाट गएको टोलीले घोडाघोडी ताल क्षेत्रमा मंसिर १० देखि १२ गतेसम्म र कोशी टप्पु क्षेत्रमा मंसिर १५ देखि १७ गतेसम्म सरोकारवालाहरुसँग छलफल गऱ्यो। सो छलफलमा कार्यान्वयन गर्न सकिने यथार्थपरक कार्यक्रमहरुलाई प्राथमिकीकरण गरी बार्षिक कार्यक्रममा समावेश गर्न सुझाव दिइयो। विशेष गरी सिमसारमा आश्रित समुदायहरुको जिवीकोपार्जनमा टेवा पुग्ने खालका आर्थिक गतिविधि सञ्चालन गर्न आयोजना व्यवस्थापन इकाइले फिल्ड इकाइलाई निर्देशन दिएको थियो।



## हार्दिक विदाई



यस आयोजनाको फिल्ड कार्यालय घोडाघोडी कैलालीमा कार्यरत प्रशासन तथा वित्त सहायक श्री हिमालय भट्टलाई यस आयोजनामा रही पुऱ्याउनु भएको योगदान र सहयोगका लागि आयोजना परिवार हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा उहाँको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछ।

अंग्रेजी नयाँ वर्ष २०११ को उपलक्ष्यमा सम्पूर्ण शुभेच्छुक तथा पाठक वर्गमा हार्दिक मंगलमय शुभकामना।


थप जानकारीको लागि:

**सिमसार संरक्षण तथा सदुपयोग आयोजना**

तालिम शाखा भवन, दोस्रो तल्ला, बबरमहल, काठमाडौं

फोन नं. ४२२६२३० / ४२२९६६९

फ्याक्स् : ९७७-१-४२२९६७०

इमेल: info@wetlands.org.np

वेभसाइट: www.wetlands.org.np